नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(.............प्रशासन.............शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- २०७८।७९।१।१४
प्राप्त पत्र संख्या:- ..............
च.नं.:- १३८४

मितिः २०७८।१०।१२

विषयः <u>जुनियर नापी तालिम सम्बन्धमा ।</u>

श्री महाशाखाहरु सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा।
श्री नापी कार्यालयहरु, सबै।

प्रस्तुत विषयमा, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको प. सं. २०७८।७९, च. नं. ४९७, मिति २०७८।१०।०६ को जुनियर नापी तालिम (विभागीय समूह) सञ्चालन सम्बन्धी पत्र यसैसाथ संलग्न राखी पठाइएको छ। तोकिएको न्युनतम योग्यता संलग्न पत्रबाटै अवगत गरी तहाँ महाशाखा/कार्यालयमा कार्यरत योग्यता पुगेका इच्छुक कर्मचारीहरुबाट तपसिल बमोजिमका कागजात संलग्न राखी तोकिएको मनोनयन फाराम भराई कार्यालय प्रमुखको "*निज कर्मचारीलाई तालिममा पठाउँदा कार्यालयको दैनिक कार्यसम्पादनमा असर नपर्ने*" व्यहोराको सिफारिस साथ मिति २०७८।१०।२५ भित्र इमेल मार्फत नापी विभाग, योजना तथा जग्गा प्रशासन शाखाको इमेल planning@dos.gov.np मा पठाउनुहुन आदेशानुसार अनुरोध छ।

**पुनश्चः फाराम पठाउँदा अनिवार्य रुपमा pdf format मा कार्यालयको इमेलमार्फत पठाउनु पर्नेछ। इमेलको विषयमा अनिवार्य रुपमा "जुनियर नापी तालिमको मनोनयन सम्बन्धमा" उल्लेख गर्नुपर्नेछ।**

(सुरज श्रेष्ठ)
शाखा अधिकृत

<u>तपसिल</u>
१. नियुक्ति पत्रको प्रतिलिपि
२. अमिन वा आधारभुत नापी तालिमको प्रमाणपत्रको प्रतिलिपि
३. एस. एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र

**<u>बोधार्थ:</u>**
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे ।
श्री योजना तथा जग्गा प्रशासन शाखा, MIS Unit, नापी विभाग ।
श्री सुचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग: विभागको वेबसाइटमा सुचना प्रविष्टि गरिदिनुहुन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रे
टेलिफोन नं.०११-४९५०५५
फ्याक्स नं.०११-४९५०७८

प.सं. :- २०७८।०७९ | प्राशासन शाखा | मितिः२०७८।१०।०६
च.नं. :- ४९८

विषयः जुनियर नापी तालीम विभागिय समुहको कार्यक्रम सम्बन्धमा ।

श्री सर्वोच्च अदालत, रामशाह पथ, काठमाण्डौ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ ।
श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, काठमाण्डौ ।
श्री नापी विभाग मिनभवन, काठमाण्डौ ।
श्री सडक विभाग, बबरमहल, काठमाण्डौ ।
श्री खानी तथा भूगर्भ विभाग, काठमाण्डौ ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, काठमाण्डौ ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, काठमाण्डौ ।

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०७८/७९ मा शुरु हुने तालिम/अध्ययन तथा शैक्षिक कार्यक्रमहरु अन्तर्गत जुनियर नापी तालिम सञ्चालन गर्नुपर्ने भएकाले विभागीय जेष्ठताबाट छनौट गर्न प्रशिक्षार्थी भर्ना / छनौट प्रकृया "जुनियर नापी तालिम कार्यक्रममा प्रशिक्षार्थी छनौट गर्ने मापदण्ड तथा आधारहरु, २०७५" को पहिलो संशोधन २०७६।०४।१९ अनुसार तपशिल बमोजिमका मापदण्ड पूरा गरेका तहाँ मातहतका ईच्छुक योग्य कर्मचारीहरुलाई मनोनयन गरी संलग्न गरिएको ढाँचामा आवेदन फारम समेत पठाइदिनुहुन निर्णयानुसार अनुरोध छ।

तपशिलः

१. आवेदक कर्मचारीहरुको देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-
   क. नेपाल ईञ्जिनियरीङ्ग सेवा, सर्भे समुहमा कार्यरत रहेको,
   ख. एस.एल.सी. वा सो सरह उतिर्ण गरी अमिन वा आधारभूत नापी तालिम प्राप्त गरेको,
   ग. आवेदन दिने अन्तिम मिति सम्ममा नेपाल ईञ्जिनियरीङ्ग सेवा, सर्भे समुहमा कम्तिमा ३ वर्ष स्थायी सेवा अवधी पुरा गरेको।
२. जेष्ठताका आधार नोकरी अवधी रहनेछ र जेष्ठताको गणना गर्दा लोकसेवा आयोगको प्रकृयाबाट गरिनेछ।
३. विभागीय प्रमुखको सिफारिस हुनुपर्नेछ।
४. समायोजन भई प्रदेश तथा स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुको हकमा जुन पदबाट समायोजन भई गएको हो सोही पदको हैसियतमा जेष्ठता गणना हुनेछ।
५. केन्द्रमा मनोनयन फारम आईपुग्नु पर्ने अन्तिम मिति २०७८/११/०२ ।
६. केन्द्रबाट तालिममा छनौट हुन सफल प्रशिक्षार्थीहरुको नामावली प्रकाशन मिति २०७८/११/०५।
७. छनौट हुन सफल प्रशिक्षार्थीहरुले केन्द्रमा सम्पर्क गर्ने अन्तिम मिति २०७८/११/०९ ।
८. जुनियर नापी तालिम कार्यक्रम तालिम प्रारम्भ हुने मिति २०७८/११/१५ ।

राजेन्द्र राउत
निर्देशक

निर्देशक

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रे ।

**जुनियर नापी तालीमको आवेदन फाराम २०७८**

दुवै कान देखिने फोटो र फोटोमा पर्ने गरीदस्तखत

१. कर्मचारीको व्यक्तिगत विवरण

(क) नाम थर:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) मोबाईल नं:

(ङ) ईमेल :

(च) शैक्षिक योग्यता (उच्चतम मात्र):

२. नोकरी सम्वन्धी विवरण

(क) कार्यरत कार्यालय:

(ख) ठेगाना:

(ग) टेलिफोन नं.:

(घ) सेवा प्रवेश गरेको पद र नियुक्ति मिति:

(ङ) हालको पद र नियुक्ति/वढुवा मिति:

३. शैक्षिक योग्यता र तालीम सम्बन्धि विबरण:

(क) आवश्यक न्यूनतम शैक्षिक योग्यता:

(ख) जुनियर तालीम लिएको मिति:

माथि उल्लेखित विवरण ठीक छ भनी सहीछाप गर्ने:

कर्मचारीको सही:

मिति:

सिफारिस गर्ने विभागीय प्रमुखको:

दस्तखत:

नाम, थर:

पद:

कार्यालय:

मिति:

कार्यालयको छाप: